आर्थिक वर्ष २०७८/७९

को नीति तथा कार्यक्रम सहितको बजेट बक्तव्य

अदानचुली गाँउपालिका

श्रीनगर , हुम्ला

२०७८

दल फडेरा
अध्यक्ष

ाउसभाको बैठकमा २०७८ साल असार १० गते गाँउपालिकाका वडा नं.२ का वडा अध्यक्ष
श्री दल बहादुर बुढा ज्यूले प्रस्तुत गर्नु भएको

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर,हुम्ला जिल्ला
कर्णाली प्रदेश नेपाल

# आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम सहितको बजेट बक्तव्य

अदानचुली गाँउपालिका
श्रीनगर हुम्ला
२०७८

दल फडेरा
अध्यक्ष

माननीय सभाध्यक्ष ज्यू ,
गाउँसभाका सदस्य ज्यूहरु,
उपस्थित महानुभावहरु,
पत्रकार साथीहरु,

उपस्थित अदानचुली बासी दाजुभाई ,दिदीबहिनी तथा रेडियोबाट प्रत्यक्ष प्रशारण सुनिरहनु भएका सम्पुर्ण आमाबुवा दाजुभाई तथा दिदीबहिनीहरु,

लामो समयको राजनीतिक संक्रमणकालिन व्यवस्थाको अन्त्यसँगै हामी आर्थिक समृद्धिको नयाँ अभियानमा जुटेका छौं । नयाँ संविधान अनुसार देशमा तिनै तहको निर्वाचन सम्पन्न भएर देश आर्थिक समृद्धिको महान अभियानमा अग्रसर भएको छ । नीतिगत तथा व्यवहारिक रुपमा देशको शासन सञ्चालन प्रक्रिया प्रत्यक्ष आफ्नै गाउँघरमा आएसँगै समृद्ध नेपालका नेपालीलाई सुखी बनाउने महान अभियान शुरु भएसँगै स्थानिय नागरिकले प्रत्यक्ष रुपमा लाभाम्वीत हुन पाएको कुरा सर्वविदितै छ ।

आजको यस अदानचुली गाउँपालिकाको गरिमामय सभामा आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा विभिन्न कालखण्ड हुँदै लोकतान्त्रिक गणतन्त्रसम्म नेपालको उन्नति, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाइते तथा अपाङ्ग एवं वेपत्ता भएका परिवारजनप्रति सम्मान एवं सहानुभूति प्रकट गर्दछु ।

समाजवादमा आधारित जनसहभागितामुलक विकास र सुशासन सहितको समृद्ध अदानचुली गाउँपालिका निर्माणका लागि शान्ति, समृद्धि र समतामुलक समाजको निर्माण मार्फत न्यायपुर्ण एवं समावेशी समाजवादी व्यवस्थाको आधार तयार गरिने छ ।

हाम्रो गाउँपालिका भित्रका सिमित श्रोतसाधनको अधिकतम सदुपयोग गरी समृद्ध गाउँपालिका र सुखी जनता बनाउन नेपालको संविधान बमोजिम यस गाउँपालिकामा

दल फडेरा
अध्यक्ष

निर्वाचित भएर आएका हामी जनप्रतिनिधिहरु र राष्ट्रसेवक कर्मचारीहरु अहोरात्र खट्दै आएको व्यहोरा विदितै छ । जनताप्रति उत्तरदायी स्थानिय सरकार र जनप्रशासनबाट मात्रै यस गाउँपालिकाले लिएका नीति र लक्ष्यहरु छिटोछरितो रुपमा पुरा गर्न सकिन्छ भने जागरुक, श्रृजनशिल, स्वस्थ, लगनशिल, चेतनशिल जनसमुदायको पहलकदमिबाट मात्र यस गाउँपालिकाको समृद्धि हासिल हुन जान्छ भन्ने मान्यताका साथ **गाउँ घरको विकास र समृद्धिको आधार ! अदानचुली गाउँपालिकामा स्थानिय सरकार !!** भन्ने मूल नारालाई साकार गर्न सकिन्छ ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन, २०७४, विनियोजन विधेयक, २०७८ को सिद्धान्त र प्राथमिकता, नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम, अदानचुली गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र गाउँसभाका आदरणीय सदस्यहरुले दिनुभएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । विभिन्न राजनीतिक दल, संघ संस्था, विद्वतवर्ग र गाउँपालिका भित्र र बाहिर रहनु भएका दिदीबहिनी, दाजुभाईहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत यस नीति तथा कार्यक्रममा विशेष ध्यान दिएको छु ।

**श्रद्धेय अध्यक्ष तथा विधायक ज्यूहरु,**

विकासका सम्भाव्य अवसरहरुलाई सामाजिक न्याय, वडागत सन्तुलनका साथै साधन श्रोतको वास्तविक रुपमा कार्यान्वयन गर्न आवश्कयताका आधारमा प्राथमिकीकरण गरी गाउँपालिकाको समग्र विकासका निम्ति मार्गदर्शन गर्न निम्नलिखित नीतिहरु अवलम्वन गरी आर्थिक वर्ष ०७८/०७९ को अदानचुली गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको व्यहोरा निवेदन गर्न चाहन्छु ।

अदानचुली गाउँपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतःनेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिकहकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु,

दल फडेरा
अध्यक्ष

नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानिय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, स्थानिय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानिय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानिय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाउँसभामा आगामी आ.व २०७८/०७९ को बजेट प्रस्तुत गरेको छु ।

**माननीय सभाध्यक्ष ज्यू ,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,**

अब म बजेट तथा कार्यक्रमको उद्देश्य र मुख्य मुख्य नीतिहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

दल फडेरा
अध्यक्ष

**बजेटको प्रमुख उद्देश्यः-**

आ.व २०७८/०७९ को यस अदानचुली गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्रमुख उद्देश्य आर्थिक, सामाजिक पूर्वाधारहरुको विकास गरी यस गाउँपालिकालाई समुन्नत स्तरमा पुर्याउनु रहेको छ ।

यसका लागि कृषि, पर्यटन, जडिबुटी र जलश्रोतको सम्भावनालाई अध्ययन, अनुसन्धान र समुचित प्रयोग गरी सडक, शिक्षा, स्वास्थ्य, विद्युत, पर्यटन र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

**मुख्य नीतिहरु**

- अदानचुली गाउँपालिकाको रणनैतिक परिकल्पना अन्तर्गतका कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ संचालन गरिने छ ।
- नागरिकको घरमा अदानचुली सरकार उपेक्षित उत्पिडितको संरक्षण र सम्भार भन्ने नाराका साथ पछी परेका दलित, महिला, अपाङ्ग, आदिवासी र जनजाति उत्पिडित, भुमीहिन, सिमान्तकृत वर्ग समुदायलाई विकासका सबै प्रक्रियामा मुलप्रवाहीकरणका लागि विशेष कार्यक्रमहरु संचालन गरिने छ ।
- अदानचुली गाउँपालिकाको दक्षिण भाग ताँजाकोट गाउँपालिकाको सिमानाबाट कर्णाली कोरीडोर सडक विस्तार/ निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ साथै यस गाउँपालिकाको केन्द्रदेखि सबै वडाहरुसम्म मोटरबाटो निर्माणलाई अगाडि बढाईने छ ।
- अदानचुली गाँउपालिकालाई यसै वर्ष भित्र दक्षिणतर्फबाट सडक सन्जालमा जोडी तिव्र पुर्वाधार विकासको गतिमा अघि बढाइनेछ ।
- स्वच्छ, सफा, सिसा र पलास्टिक रहित अदानचुली गाँउपालिका निर्माण गर्नको लागि खानेपानी सरसफाई र फोहरमैला व्यवस्थापनमा विशेष जोड दिइनेछ । सुन्दर र समृद्ध गाँउपालिकाको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटन उद्योगको संभावनालाई विस्तार गर्दै आवश्यक पुर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।
- दिगो अर्थतन्त्रका लागि कृषि सुधार कार्यक्रमहरु संचालन गरी एक घर एक बगैंचा नीतिलाई अनुशरण गरिनेछ । पशुपालन र जडिबुटीजन्य उत्पादनका लागि प्राथमिकतामा राखिनेछ साथै जडिवुटी संकलनका लागि न्यायिक नियमन गरिनेछ ।
- अदानचुली गाँउपालिका भित्र ठुला मझौला तथा लघु जलविद्युत आयोजनाहरुको संभाव्यता अध्ययन गराई संघिय सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदारहरुसंग सहकार्य गरि लगानी भित्र्याइनेछ ।

दल फडेरा
अध्यक्ष

- समता, समानता र सशक्तिकरणको नितिलाई अबलम्बन गर्दै बालमैत्री, अपाङ्गमैत्री, लैङगिक मैत्री तथा छुवाछुतमुक्त गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिइ प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ ।
- गाँउपालिकामा हुन सक्ने भोकमरी तथा खाद्य संकटलाई मध्यनजर गर्दै तात्कालिन तथा दीर्घकालिन राहत तथा खाद्य सुरक्षाका लागि नेपाल सरकार र दातृ निकायहरुसग अनुरोध गरिनेछ ।
- खाद्य संप्रभुता खाद्य र पोषणको प्रत्याभुति दिइने छ ।
- शिक्षा र स्वास्थ्यमा प्राथमिकताका साथ कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिने छ ।

**आ.व २०७८/०७९ को लागि श्रोत साधनहरुको अनुमान, तिनका माध्यमहरु र संकलनका रणनितिहरु**

अदानचुली गाँउपालिकाले अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन, गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङका आधारमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय अनुसार श्रोत साधनको अनुमान गरेको छु ।

दल फडेरा
अध्यक्ष

# अदानचुली गाउँपालिका रणनीतिक परिकल्पना

## परिचय

आधारभूत मानविकी तथा भौतिक पूर्वाधार विकासको आधारभूमी तयार गर्न गाउँपालिकामा कृषि, स्वास्थ्य, शिक्षा, सडक, संचार, पर्यटन र जलविद्युत विकासलाई प्राथमिकतामा राख्दै आत्मनिर्भरतामा अग्रसर गाउँपालिका निर्माणका लागि वृक्षारोपणका साथै दीगो विकास तथा वातावरण संरक्षणलाई मुलमन्त्र मान्दै आगामी २ वर्ष भित्रमा चौतर्फी विकाससहितको गाउँपालिका निर्माण हुनेछ । "आधारभूत विकासका लागि अदानचुलीको आधार कृषि, सडक, बिजुली र सिचाईमा सुधार" गाउँपालिका विकासकाको रणनीतिक सोच हुनेछ ।

## आचार संहिता

- सम्पूर्ण जनप्रतिनीधिहरु जनता र आफ्नो काम, कर्तब्य र अधिकार प्रति पूर्ण उत्तरदायि तथा जवाफदेही रहनेछौ ।
- कार्यापालिका बैठकको निर्णयहरु पूर्ण रुपमा कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका अन्तर्गत हुने यथासम्भव योजनाहरु जनसहभागितामूलक प्रक्रियाबाट तर्जुमा गर्नुका साथै सामुहिक हितका विषयहरुमा सामुहिक निर्णय प्रक्रियाबाट निर्णय गरिनेछ ।
- सुशासन तथा सेवा प्रभाहलाई जन प्रत्याभूति दिलाउन सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखा परिक्षण गरिनेछ ।
- सम्पूर्ण जनप्रतिनिधीहरु अनुशासनमा रहेर यस परिकल्पना अनुसारको गाउँपालिका निर्माणमा तत्पर रहनेछौ ।
- संघीय सरकारबाट बनेका प्रणाली र प्रक्रियाहरु अनुशरण गर्दै आफ्नो काम कर्तब्य र अधिकार पुरा गर्नेछौ ।

## रणनीतिक परिकल्पना

### आर्थिक विकास

- कृषि उत्पादन अन्तर्गत बालीनाली, पशुपालनमा बाख्रा, भेडा, मैरी र तोल्बीनी पालन, फलफूलमा स्याउ, चुली, ओखर, आरु र जडीबुटी अन्तर्गत पाँचऔले, कटुका, बोजो, चिराइतो, सुगन्धचाल, पदमचाल्नो लगाएतका क्षेत्रमा आधुनिकीकरण गर्दै खाद्यमा पचास प्रतिशत आत्मनिर्भर बनाइनेछ ।
- प्रत्येक वडामा सहकारी स्थापना गराइनुका साथै कृषि प्रवन्धका लागि कम्तिमा एउटा पकेट क्षेत्रको विकास गरिनेछ ।
- फर्निचर उद्योग स्थापना गरी जथाभावी वन विनास रोक्नुका साथै कम्तीमा पच्चीस जनाको लागि रोजगारी सृजना गरिनेछ ।

दल फडेरा
अध्यक्ष

• सामाजिक विकास

• गल्वा बहुमुखी क्याम्सलाई यस क्षेत्रकै नमूना क्याम्पसका रुपमा विकसित गर्दै सम्पूर्ण विद्यालयहरुमा पूर्ण शिक्षक दरवन्दी कायम गरि शिक्षाको स्तरोन्ति गरिनेछ ।
• दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि कृषि अन्तर्गत आई.यस.सी एजी र निर्माण अन्तरगत सिभिल इन्जिनियरिङ अध्यापन गराइने प्राविधिक शिक्षालय स्थापनाको विशेष पहल गरिनुका साथै यस गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गरिनेछ ।
• प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना गरिनुका साथै गाउँपालिकामा पच्चीसशैया क्षमताको सुविधा सम्पन अस्पताल निर्माण गरिनेछ ।
• सम्पूर्ण नागरिकको स्वास्थ वीमा गरिनेछ र विपन्न तथा असाहायलाई स्वास्थ्य उपचारमा सहयोग गर्न स्वास्थ्य उपचार कोषको स्थापना गरिनेछ ।
• प्रत्येक बस्तीका बासिन्दालाई स्वच्छ खानेपानी उपलब्ध गराईनेछ र बस्तीहरुमा सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
• अदानचुली संस्कृति तथा गुरुयोजना बनाई संग्रालय निर्माण गरेर कला र संस्कृतिलाई संरक्षण र संबर्धन गरिनेछ ।

पूर्वाधार र विकास

• टोगडी देखि ठाडाकाट्न्या हुदै छालसम्मको बृयत सिचांई योजना अन्तर्गत सम्पूर्ण वडाहरुमा सिचांईको पंहुच पुर्याईनेछ ।
• कुकुरफाल्ना र मछाइनी लघु जलविद्युतको स्तरोन्नति गरिनुको साथै निर्माणाधिन १०० किलोवाट क्षमताको छहराखेत लघु जलविद्युतको निर्माण सम्पन्न गरिनेछ ।
• थ्री जी मोवाइलको टावर स्थापना गरी संचार सेवाको गुणस्तर र क्षेत्र विस्तार गरिनेछ ।

वन वातावरण तथा विपद व्यवस्थापन

• वृक्षारोण कार्यक्रम अन्तर्गत वडा नं. १,२,३ र ४ मा एक गाउँ एक सामुदायिक वन कार्यक्रम संचालन गरि १५ हेक्टर भूभागमा वन क्षेत्र विस्तार गरिनेछ ।

सेवा प्रवाह तथा सुशासन

• हाल कायम रहेको वडाहरु २,३ र ४ तथा गाउँपालिका सिमा निर्धारण सम्बन्धी विषयलाई सर्वुहमतिले समाधान निकालिनेछ ।
• प्रत्येक वर्ष आवश्यकता अनुसार स्वास्थ्य शिविर, नागरिकता शिविर संचालन गरिनुका साथै पारदर्शिता कायम राख्न सार्वजनिक सुनुवाई गरिनेछ ।

यसैगरी अब म आ.व २०७८/०७९ को लागि विषयगत विकास नीति, उद्देश्य र थमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

दल फडेरा
अध्यक्ष

## १.आर्थिक विकास

**कृषि:** कृषि तथा पशुपालनः

- उत्पादन बढाउने कार्यमा प्रोत्साहित गरी रोजगारी अभिवृद्धि गर्ने उद्धेश्यले अर्गानिक उत्पादनका आधारमा व्यावसायिक किसानहरुको अभिलेख तयार गरी कृषकहरुलाई प्रोत्साहित गरिने छ ।
- कृषिलाई आत्म सम्मान र आत्म निर्भर पेशाका रुपमा स्थापित गर्न यसै आर्थिक वर्षदेखि आत्म निर्भर कृषि पेशामा संलग्न प्रत्येक वडाबाट १।१ ( एक । एक) जना कृषकलाई *'अदानचुली समृद्धिको कृषि अभियान, आत्म निर्भरता तर्फ हाम्रा किसान'* भन्ने कार्यक्रम मार्फत सम्मान गरिने छ ।
- पशुपालन(भेडा बाखा) बाट मासु र उन उत्पादनमा बृद्धि गरिनेछ ।
- कुखुरापालन तथा बंगुरपालनलाई प्रोत्साहन गरिनेछ ।
- कृषि पेशालाई आत्म निर्भर बनाउन आवश्यक अनुदान दिने नीति अख्तियार गरिने छ । गाउँपालिकाका सबै घरधुरीलाई उन्नत जातका फलफूल तथा तरकारी उत्पादन गर्न**"एक घर एक बगैचा"**अभियान सञ्चालन गरिने छ । यसका लागि यथेष्ठ बजेटको व्यवस्था गरेको छु ।
- संविधान प्रद्धत खाद्य संप्रभुताको अधिकारलाई कार्यान्वयनमा ल्याउनका लागि यसै आ.व. देखि **'आत्मनिर्भर कृषिका लागि नयाँ प्रविधि"** कार्यक्रम अन्तरगत पालिका स्तरिय माटो परीक्षण सेवालाई निरन्तरता दिइने छ ।
- कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नका लागि उन्नत जातका वीउ र उन्नत नश्लका पशुपन्छीहरुको वितरण तथा प्रचार प्रसार कार्यक्रम संचालन गरिनुका साथै सोको आवश्यक विभिन्न किसिमका तालीमको संचालन गरिने छ ।
- पशुपन्छीहरुमा फैलिन सक्ने विभिन्न किसिमका संक्रामक रोगको उपचार तथा नियन्त्रणका लागि पशुपन्छीहरुमा उपचाार तथा खोप सेवा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- गाउँपालिका स्थित कृषि तथा पशुपन्छीपालन क्षेत्रमा सञ्चालित कृषि तथा पशुपन्छीपालनसँग सम्बन्धित फार्महरुको सुदृढीकरणका लागि ***"प्रोत्साहन अनुदान कार्यक्रम "*** मार्फत रकम प्रदान गर्ने व्यवस्था गरेको छु ।
- अदानचुली गाउँपालिका पशुपालनको उचित क्षेत्र हो । यस पालिकाका अधिकांश बासिन्दाको ठूलो आम्दानीको स्रोतका रुपमा पशुपालन क्षेत्र नै रहेको छ तर हिउँदको समयमा चरम खडेरीको कारण हुने पशु आहाराको निकै समस्यालाई आत्मसाथ गर्दै यसै आर्थिक वर्षबाट चरन क्षेत्र विकास कार्यक्रमको अवधारणाको शुरु गर्नुका साथै हिउँदको

दल फडेरा
अध्यक्ष

समयमा हरियो घाँस आपूर्ति गर्नका लागि डालेघाँसको बिरुवा वितरणका लागि "**डालेघाँसको नर्सरी स्थापना** " गरिने छ । यसका लागि उचित बजेटको व्यवस्था गरेको छु ।

- कृषि पेशालाई आत्मनिर्भर पेशाका रुपमा स्थापित गर्न अहिले भएको बाँझो जग्गालाई उपयोग गर्ने व्यवस्था गर्दै **"एक गाउँ एक नर्सरी"** स्थापना गर्ने व्यवस्था गरेको छु ।
- कृषि क्षेत्रमा उन्नत कर्म गरेका पालिका स्तरीय उत्कृष्ट २ (दुई) जना कृषकहरु (महिला १, पुरुष १) लाई अदानचुली **नमुना कृषक** घोषणा गर्दै पुरस्कृत गर्ने व्यवस्था गरेको छु ।
- अव्यवस्थित रुपमा फडानी हुदै गएको वन क्षेत्रलाई नियन्त्रण गर्न र वन संरक्षण गर्न नीति अख्तियार गर्दै वनलाई स्थानिय उपभोक्ताबाटै संरक्षण गर्ने गरी **"एक गाउँ एक सामुदायिक वन","एक गाउँ एक जडीबुटी फर्म"** स्थापना गर्दै खाली वन क्षेत्रमा वृक्षारोपण गर्ने व्यवस्था गरेको छु ।
- सदावहार तथा पतझर नर्सरीको स्थापनाका लागि उचित अनुदानको व्यवस्था गरिने छ । यसका लागि गाउँपालिकाको तर्फबाट यथेष्ट बजेटको व्यवस्था गरेको छु ।
- ओखर,ढटेलो,खामु,चुली,जैतुन,जटामसी लगायतका वस्तुहरुको तेल उत्पादन गरी निकासी गरिनेछ ।

- स्थानिय स्तरमा परम्परागत रुपमा गरिएको निर्वाहमुखी पशुपालनलाई व्यावसायिक पशुपालन बनाउने नीति बनाई कार्यान्वयन गरिनेछ ।कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा स्थापित गरी आधुनिक र आत्मनिर्भर बनाउन भौगोलिक विविधता अनुसार २००० मि. सम्म अन्न बालीको उत्पादन, २५०० देखि ३५०० मि.सम्म फलफुल, ३५०० मि.भन्दा माथि बहुमुल्य जडिबुटी उत्पादन गर्ने तीन तहको कृषि योजना निर्माण गरी आधुनिक कृषि प्रणाली अवलम्बन गरिनेछ ।साथै यस क्षेत्रलाई केरा, सुन्तला, कागती, अंगुर, दाँतेओखर, अनार, स्याउ जस्ता फलफुलहरुको पकेटक्षेत्रको रुपमा विस्तार गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
- मौरीपालक तथा मत्स्यपालक कृषकहरुलाई प्रोत्साहन स्वरुप आर्थिक,प्राविधिक तथा सीपमुलक कार्यमा सहयोग गरिने छ ।

- अदानचुली गाउँपालिका र यस क्षेत्रमा कार्यरत सहकारीहरु बिच सहकार्य र समन्वयको आधारमा रचनात्मक कार्यगरी अघी बढाइने निति अवलम्बन गरिने छ ।

दल फडेरा
अध्यक्ष

## उद्योग तथा वाणिज्य

- महिला दलित सीमान्त वर्ग लक्षित साना तथा लघु उद्यम व्यवसायलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।
- स्थानिय स्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग स्थापना तथा सञ्चालन मा जोड दिइनेछ ।
- स्थानिय स्तरमा उत्पादित वस्तु तथा सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ ।साथै स्थानिय उत्पादनको प्रयोगमा जोड दिइनेछ ।सीप,कला ,दक्षता र शैक्षिक योग्यताको आधारमा न्यायोचित ढंगबाट रोजगारीको सृजना गर्न बेरोजगारहरुको तथ्यांक संकलन गरि योग्यता र क्षमताको आधारमा छुट्टै रोष्टर तयार पारि शैक्षिक प्रमाण पत्र धितो राखि विना व्याज ऋण उपलब्ध गराउन गाउँपालिका स्तरिय बेरोजगार कोष स्थापना गर्न पहल गरिनेछ ।
- गाउँपालिकाको आयमा उद्योग क्षेत्रको अंश वृद्धि हुने कार्यक्रम ल्याइने छ ।
- उद्योग व्यवसाय दर्ता संचालन अनुगमन र नियमनलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाभित्र संचालन भएका व्यावसायहरुलाई व्यवस्थित गरिनेछ ।

## पर्यटन तथा सँस्कृति

- विश्वमै लोपोन्मूख हाम्रो कला र सँस्कृतीलाई संरक्षण र सम्बर्द्धन गर्दै ***"पाँच वर्षे अदानचुली सँस्कृती तथा पर्यटन गुरु योजना"*** निर्माण गरी कार्यान्वयन गरिने छ । यसका लागि रु दश लाख बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकामा रहेका पर्यटकिय स्थान ( अदानचुली, नौमुली, खुरम्पु, गुफासिद्धापाइला,पानचौर, मनेकाँध, ढिणालेख, दोमुख, मालिकाकोट, फापरराशी, झाडमाण्डौ, मुण्टेचौर, थान (मदानलेख) कालिका मन्दिर, हिल्सा माडौं विगोठी, सर्किमाडौं मेलचौर जस्ता ) क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न पर्यटक पदमार्ग निर्माण कार्यलाई अघि बढाई गाउँपालिका, प्रदेश र संघिय सरकार समक्ष कार्यान्वयनका लागि विशेष पहल गरिने छ ।
- पर्यटकिय हिसाबले थुप्रै महत्व बोकेका अदानचुली नौमुले लगायतका पर्यटकिय स्थानको पहिचान गरि पर्यटकिय पदमार्ग निर्माण गरि प्रचारप्रसारका साथै सो बाटो निर्माण कार्यलाई जोड दिइनेछ ।

दल फडेरा
अध्यक्ष

सहकारी तथा वित्तीय क्षेत्र

- सामुहिक सहकारी तथा वितिय क्षेत्र सुदृढ गर्नमा विशेष ध्यान दिइनेछ । **गाउँ गाउँमा सहकारी घरघरमा भकारी** भन्ने नारालाई अवलम्बन गरिनेछ ।
- सहकारी संस्थालाई कानुनको दायरामा ल्याइने छ ।
- अदानचुली समृद्धी भकारीको नारालाई सबलीभूत पार्न गाउँपालिका भित्र रहेका सहकारीहरुलाई विभिन्न क्षमता विकासका तालिम सञ्चालन गर्दै यिनीहरुको वार्षिक योजना तथा नीति अनुसार अधिसारियता ब्यबसायिक कार्यक्रमको अवधारणा अनुसार ऋण अनुदानको ब्यवस्थापन गर्ने ब्यबस्था मिलाएको छ ।

## २. सामाजिक विकास

- सरल प्रशासनको अवधारणालाई अवलम्वन गर्दै सुशासनलाई जनस्तरसम्म स्थापित गर्न विद्धमान ढिला सुस्तिको प्रशासनिक तथा अन्य कामलाई छिटो छरितो बनाउन हरेक आर्थिक वर्षमा हरेक विकास निर्माण क्षेत्रमा पार्दशि र जवाफदेही बन्दै सेवाग्रहीका कामलाई प्रभावकारी रुपमा सम्पन्न गर्न राष्ट्रसेवक कर्मचारी र जनप्रतिनीधिलाई उत्कृषट जनप्रतिनीधि तथा राष्ट्रसेवक सम्मानबाट सम्मानित गर्ने ब्यवस्था गरेको छु ।

शिक्षा

- आधारभूत शिक्षाको सुनिश्चिता, निरन्तरता र सिकाई उपलब्धिमा सुधार ल्याउन लक्षित वर्ग क्षेत्र र विपन्न समुहका वालबालिकाहरुलाई प्रोत्साहनमुलक सुविधाहरु एकीकृत रुपमा उपलब्ध गराइने छ ।
- विद्यमान प्रवितिलाई निरुत्साहित गर्दै विद्यालय मर्जको अवधारणालाई लागू गर्दै प्रतावित आवाशिय विद्यालयको रुपमा निर्माणाधिन श्री सल्लाघारी माध्यमिक विद्यालयलाई गाउँपालिका स्तरीय नमूना विद्यालयका रुपमा विस्तार गर्ने र श्री सूर्योदय माध्यमिक विधालयलाई पालिका स्तरीय प्राविधिक विधालयका रुपमा विकास गर्ने र श्री गल्वा बहुमुखी क्याम्पसलाई उच्च शिक्षा अध्यायन गर्ने केन्द्रका रुपमा विकास गर्न क्याम्पसको भौतिक पूर्वाधार विकासमा जोड दिदै क्याम्पसको ब्यवस्थापन र अध्यायन अध्यापन कार्यलाई चुस्त दुरुस्त बनाउन पहल गरेको छु ।
- पालिका भित्रका आर्थिक आवस्था कमजोर भएका दलित तथा गरीब एवं अनार्थ वालबालिका (विधार्थी) हरुलाई शिक्षाबाट बन्चित हुन नदिन विधार्थीसँग गाउँपालिका छात्रावृति कोषको स्थापना गर्दै त्यसको तत्काल कार्यान्वयनको ब्यवस्थामा जोड दिएको छु।
- **"अदानचुली शैक्षिक सुधार कार्यक्रम"** सबै वडाहरुमा होम टियुसन, सबै विद्यालयहरुमा/बाल विकासहरुमा दरवन्दी पदपुर्तीको गर्ने व्यवस्था गरिने छ । सोको लागी ३० लाख बजेट विनियोजन गरिएको छ ।
- राष्ट्रिय युवा परषिद, नेपाल स्काउट, राष्ट्रिय खेलकुद परषिद, नेपाल रेडक्रस सोसाइटी र सुकुम्वासी समस्या समाधान आयोग अदानचुली गाउँपलिका विच समन्वयको आधारमा संस्थाहरुसँग सहकार्य कामहरु अगाडी बढाइने छ ।

दल फडेरा
अध्यक्ष

➢ विद्यालय भर्ना नभएका र भर्ना भई बिचैमा विद्यालय छोडेका बालबालिकाहरुलाई विद्यालय शिक्षा सुचारु गराउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

➢ अदानचुली गाउँपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक तथा प्राविधिक सुविधाको विस्तार गरिनेछ ।विद्यालयको भौतिक संरचनाको निर्माण, पुननिर्माण तथा मर्मत सम्भार गर्ने, शिक्षक अविभावकको समस्या, विद्यालय छोड्ने दर घटाउन विभिन्न कार्यक्रमहरु ल्याइनेछ ।

➢ गाउँपालिका भित्र शैक्षिक गुणस्तर कायम गर्न सुविधा सम्पन्न आवासिय विद्यालय स्थापनाका लागि पहल गरिनेछ ।"**हरेक घर आधारभुत शिक्षा**" भन्ने अभियान अन्तगर्त सञ्चालन हुने साक्षरता अभियानमार्फत तीन बर्षमा गाउँपालिकालाई पुर्ण साक्षर घोषणाको आधार तयार गरिनेछ ।

➢ गाउँपालिकाको शैक्षिक गुणस्तर कायम गर्न र प्राविधिक शिक्षामा अदानचुलीका विद्यार्थीलाई छात्रवृत्ति तथा निशुल्कवृत्ति प्रदान गर्न **गाउँपालिका अध्यक्ष छात्रावृत्ति कोषलाई** व्यवस्थित गरिनेछ ।

➢ गाँउपालिकाभित्र रहेका विद्यालयहरुमा १००% भर्नादर पुर्याउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ

## स्वास्थ्य

- विश्व माहामारीकै रुपमा रहेको नोवेल कोरोना भाईरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणको लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- दैनिक आवश्यकताका बस्तुहरु सुलभ रुपमा उपलब्ध गराउन वितरण प्रणाली सुदृढीकरण र वजार अनुगमन कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।
- स्वास्थ्य संस्थाको स्तरोन्ति गर्दै एक पालिका एक अस्पताल भन्ने सरकारको नीति अनुसार यसै आर्थिक वर्ष भित्रमा सरकारी तथा नागरीक स्तरबाट कम्तीमा **१५ शैयाको अस्पताल तथा सामुदायिक अस्पताल** स्थापनाको लागि आवश्यक ब्यवस्था गर्दै औषधि उपचारको अभावमा कुनैपनी नागरीकले ज्यान गुमाउन नदिन यस अधिनै स्थापना गरेको आपतकालिन स्वास्थ्य उपचार कोषको रकमलाई बढाउदै थप प्रभावकारी गर्ने ब्यवस्था गरेको छु ।
- सवै स्वास्थ्य संस्थामा वर्थिङ सेन्टरको स्थापना गर्दै त्यसलाई थप ब्यबस्थित गर्ने ब्यवस्था गरेको छु ।
- गाउँपालिकामा भएका विद्यमान स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य क्लिनिकको स्तरोन्नति गर्दै स्वास्थ्य क्लिनिक नभएका वडाहरुमा यसै आ.व.देखि स्वास्थ्य क्लिनिकको स्थापना गरिने छ ।

दल फडेरा
अध्यक्ष

- आम नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य अधिकारको सुनिश्चित गर्न प्रत्येक वडामा स्वास्थ्य संस्थाको स्थापनाका लागि सरोकारवाला संस्थासँग सहयोगका लागि पहल गरिने छ ।
- गाउँपालिकाका आम नागरिकलाई आर्थिक अभावले उपचारमा समस्या नहोस भन्ने मान्यताले स्थापना गरेको गाउँपालिका स्तरिय **स्वास्थ्य उपचार कोष** लाई अझ प्रभावकारी र पारदर्शी वितरणका लागि स्वास्थ्य उपचार कोषलाई थप प्रभावकारी बनाइने छ ।
- गाउँपालिकाका सबै बालबालिका तथा नागरिकलाई पूर्णखोपको पहुँचमा पुऱ्याउँदै यसै आ.व. भित्रमा पूर्ण खोपयुक्त वडा तथा गाउँपालिका घोषणा गरिने छ । त्यसका लागि ८ (आठ) लाख बजेटको व्यवस्था व्यवस्था गरेको छु ।

**सरसफाई**

- आगामी २ वर्षभित्र सबै अदानचुली बासीलाई आधारभुत खानेपानी र सरसफाई सेवा उपलब्ध गराईने छ ।
- सफा खानेपानी तथा पुर्ण सरसफाईका लागि विशेष ध्यान दिईनेछ ।खानेपानीको समस्या टड्कारो देखिएको हुँदा यस गाउँपालिकाभित्र सम्भाव्य परियोजनाहरुको अध्ययन गरि शिघ्र दिगो समाधानको बाटो खोजिनेछ ।साविकमा सन्चालनमा रहेका खानेपानीका बहुबर्षिय आयोजनाहरुलाइ समयमै सम्पन्न गराउन र नयाँ परियोजनाहरु सन्चालनमा ल्याउन विशेष जोड दिइनेछ ।
- **"सफा र स्वच्छ खानेपानी, अदानचुलीवासीको पहिचान"** नारालाई मुर्तरुप दिन गाउँपालिका स्तरमा पुर्ण सरसफाई कार्यक्रम संचालन गरिनेछन् ।यसका लागि यथेष्ठ बजेटको व्यवस्था गरेको छु ।
- पुर्ण सरसफाई गाउँपालिका बनाउन **पाँच बर्षे खानेपानी तथा सरसफाई गुरुयोजना** निर्माणको कार्यलाई निरन्तरता दिइने छ ।यसका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- सिसा र प्लास्टिक रहित गाउँपालिका निर्माणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- सफा र स्वच्छ अदानचुली गाउँपालिका निर्माणको लागि यहाँबाट निस्कने फोहरमैलाहरुको उचित व्यवस्थापन गर्नुपर्ने हुँदा उपयुक्त डम्पिङ साईट तथा ल्याण्डफिल्ड साईडको निर्माण तथा व्यवस्थित संचालनमा विशेष जोड दिइनेछ ।

दल फडेरा
अध्यक्ष

## खेलकुद

- युवा स्वरोजगार कार्यक्रमको विस्तार गरिने छ ।
- समाज निर्माणको ठूलो अभिभारा बोकेका यूवा शक्तिलाई आफ्नै ठाउँ र गाउँमा बसेर प्रशस्त आयआर्जन गर्ने संकल्प गर्दै रचनात्मकताको भावना जागृत गराउन आवश्यक छ । अथाह संभावना हुँदाहुँदै पनि जहिले पनि गरिबी र अभावको खानीका रुपमा रहेको हाम्रो ठाउँमा **'सुन सिरानीमा राखेर नुनको खोजि गर्ने'** जस्तो हाम्रो मानसिकतालाई माथी उठाउन आवश्यक छ । सोको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अनुसारको कार्यक्रम सफलताका साथ संचालन गरिने छ ।
- राष्ट्रको चिनारी, सद्भाव र मित्रताको भावना बढाउने विश्वमा खेलकुद नै भएकाले यस गाउँपालिकाको चिनारी र दक्ष खेलाडी एवम् स्वस्थ नागरिक उत्पादन गर्न गाउँपालिकामा स्वास्थ्यका लागि खेलकुद, राष्ट्रको लागि खेलकुद अन्तर्गत **'गाउँपालिका अध्यक्ष कप'** को आयोजना गरी विभिन्न खेलहरु खेलाइने छ ।
- खेल क्षेत्रको विकास गर्न गाउँपालिका क्षेत्रमा व्यवस्थित थप खेल मैदान निर्माणका लागी आवश्यक पहल गरिनेछ ।

## संस्कृति प्रवर्द्धन

- नयाँ पर्यटकयि गन्तव्यहरुको पहिचान गरिनेछ । पर्यटकीय सडक र पद यात्रामार्गको स्तर उन्नति गरिनेछ ।
- भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्वर्द्धनमा विशेष ध्यान दिइनेछ ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।स्थानिय स्तरमा भएका सबै देवताका मन्दिरको पुनर्निर्माण गर्दै धामी, डाँगर तथा कला र गला भएका सांस्कृतिक कर्मीलाई क्षमता विस्तार गर्दै उनीहरुलाई उचित सम्मान गरिनेछ । पर्यटन प्रवर्द्धनमा थप आत्मनिर्भर बनाउन विशेष योजना निर्माण गरिनेछ ।
- गाउँपालिकामा रहेका गुम्बा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्वर्द्धनका लागि जोड दिइनेछ ।
- गाँउ पालिका भित्र रहेका लोपोन्मुख संस्कृति पर्यटकिय स्थल परम्पराको संरक्षण तथा प्रवर्द्धनको लागी वृत्तचित्र निर्माण तथा पोष्टर पम्पलेट तयार पार्नको लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।

दल फडेरा
अध्यक्ष

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर,हुम्ला जिल्ला
कर्णाली प्रदेश नेपाल

## ङ्गिक समानता एवं समाजिक समावेशीकरण

- बालबालिका बेचबिखन, बाल शोषण, बाल बिबाह ,यौन हिंसा तथा दुर्व्यवहार बहुबिबाह, बोक्सी, छुवाछुत, छाउपडी जस्ता सामाजिक, सांस्कृतिक कुरीतिजन्य क्रियाकलापको रोकथाम र निवारणका कार्यक्रमहरु संचालन गरिने छ ।
- महिला बालबालिका दलित तथा उत्पिडित जनजाति विपन्न सिमान्तकृत अपाङ्ग एवं पछाडी परेका बर्गको लागि विभिन्न लक्षित कार्यक्रमहरु ल्याइनेछ र ती कार्यक्रमहरु उनीहरुबाटै संचालन गर्न उत्प्रेरित गरिनेछ ।राष्ट्रिय मुलप्रवाहीकरणको नीति अवलम्बन गरिनेछ ।अबको विकासलाई बालमैत्री, अपाङ्गमैत्री, महिलामैत्री तथा अन्य पछाडि परेका बर्गको उत्थान हुने गरि अगाडि बढाइनेछ ।समाजमा विभेदकारी व्यवहार तथा संस्कार यद्यपी कायम रहेको हुँदा त्यसको निराकरणका लागि आवश्यक कानुन तथा कार्यक्रमहरु ल्याइनेछ ।बालमैत्री स्थानीय शासन लागु गर्न विभिन्न गतिविधिहरु सन्चालन गरिनेछ ।
- मानव वेचविखन, घरेलु हिंसा, बालश्रम, छुवाछुत तथा सामाजिक कुरितीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरण गरिनेछ ।
- महिला, बालबालिका, दलित, अपाङ्ग, जेष्ठ नागरिक, असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम संचालनमा सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ साथै संचालन भैसकेका कार्यक्रमहरुलाई पनि निरन्तरता र सम्मान गरिनेछ ।
- गाउँपालिका भित्र भएका जेष्ठ नागरिक एकल महिला पुरुषलाई पालन पोषण र रेखदेखका लागि सुविधासम्पन्न वृद्धाश्रमको स्थापना गर्न पहल गरिनेछ ।
- गाउँपालिकामा पछि परेका एकल असहाय दलित दुर्गम जनजाति तथा विपन्न महिलाहरुका लागि प्राथमिकताको आधारमा विभिन्न सीपको विकास गरी उद्यमशिल बनाउन **दिदी बहिनीसँग उपाध्यक्ष कार्यक्रम** का लागि रु. २४ (चौबीस) लाख बजेट विनियोजन गरेको छु।
- विद्यमान संविधान, कानुनप्रति गाउँपालिकामा महिलालाई प्रशिक्षित गराउँदै लैंगिक हिंसा र घरेलु हिंसाको न्यूनिकरण गर्न यस आ.व. मा पनि महिला सचेतना कार्यक्रम सञ्चालनमा जोड दिइने नीति लिएको छु।
- गाउँपालिकामा भएका सबै शिक्षण संस्था तथा सामाजिक संस्थालाई वालमैत्री बनाउँदै वालमैत्री स्थानीय शासन बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

## ानुन तथा न्याय:

- कानुन कार्यान्वयन वर्षका रुपमा यस आ.व.लाई उपयोग गर्दै यस अदानचुली गाउँपालिकालाई आवश्यक पर्ने केही कानुन ल्याई सकेको बाँकी कानुनको मस्यौदा तयारी गरी कार्यान्वयनमा ल्याइने छ।

दल फडेरा
अध्यक्ष

➢ उपाध्यक्षको संयोजकत्वमा गठित न्यायिक समितिलाई प्रभावकारी बनाउँदै गाउँपालिकामा आएका सबै विवादको समाधान न्यायिक कार्याविधिको आधारमा  कार्यान्वयन गरिने छ । साथै मेलमिलाप समतिको गठन गरी प्रभावकारी बनाइने छ । यसमा आवद्ध पदाधिकारी तथा कर्मचारीको क्षमता विकास तथा अन्य सामाग्रीका लागि यथेष्ट बजेटको व्यवस्था गरेको छु ।

## ३. पूर्वाधार विकास

### सडक तथा पुल

- भर्खरै सडक सञ्जालमा जोडीएको अदानचुली गाउँपालिकाका सवै वडामा सडक सञ्जाल विस्तार गर्ने उदेश्यले यसै आर्थिक वर्ष अदानचुली गौरवको सडक योजनाका रुपमा वडा नं १ को **इवागे दहको** (आर्मी क्याम्पलाई) **जिरो प्वाईन्टबाट कल्खेका बस्ती जोड्दै ग्रामिण पँहुच कार्यक्रमले निर्माण गरेको सडक अन्तर्गतको थलहाल्ना** (पुछेमडाँडा) **मोड मार्फत वडा नं २,३,४,५ र ६ सम्मका सम्पूर्ण बस्तीलाई समेट्दै वडा नं ६ को लिस्या, लमही, विगोठीसम्मको अन्तिम विन्दु सडक** विस्तार गरिने छ । जून सडकलाई मदन भण्डारी लोकमार्गका रुपमा नामाकरण गर्ने सातौ गाउँसभाको निर्णय कार्यन्वयन गर्ने निर्णय गरेको छु ।
- कर्णाली करिडोर अन्तर्गत पर्ने यस गाउँपालिकाको हुम्ला र मुगु कर्णालीको दोभानलाई गाउँपालिकाकै पर्याटकीय केन्द्रका रुपमा स्थापना गर्दै मष्टादेव सास्कृतिक संरक्षण केन्द्रका रुपमा विकास गर्ने ब्यबस्था गरेको छु ।
- गल्फागार्ड-श्रीनगर-कालिका जिल्ला सडकलाई निरन्तरता दिदै कार्यान्वयनका लागि प्रदेश, संघिय सरकार र विभिन्न दातृ निकायसँग आवश्यक सहकार्य तथा पहल गरिने छ ।

- अदानचुली गाँउपालिकाको दक्षिण भाग ताँजाकोट गाउँपालिकाको सिमानाबाट सडक विस्तार/ निर्माण कार्यलाई उच्च जोड दिई काम थालनी गरिने छ।यस अदानचुली गाँउपालिकाको केन्द्रदेखि सबै वडाका टोल बस्तीहरुसम्म तीन वर्षभित्र सडक संजाल जोड्न आवश्यक पहल गरिने छ। यस गाँउपालिका भित्र आवश्यक ठाँउहरुमा साना पक्की पुल तथा झलुङ्गे पुल निर्माणमा विशेष ध्यान दिइनेछ । साथै ठुला तथा मोटरेवल पक्की पुल निर्माणका लागि प्रदेश सरकार संघिय सरकार तथा दातृ निकायहरुसँग सहकार्यका लागी आवश्यक पहल गरिनेछ ।
- गोरेटो र घोडेटो बाटो निर्माण विस्तार तथा सुधारमा ध्यान दिइनेछ ।

दल फडेरा
अध्यक्ष

- स्थानिय आवश्यक्ताअनुसार पालिकाको संरचना निर्माण गर्ने र नागरिकका माग संबोधन गर्न **"नगरिकसँग गाँउपालिका अध्यक्ष"** कार्यक्रम संचालन गर्नका लागी रु ४१ (एक चालिस) लाख विनियोजन गरेको छु ।
- समृद्ध अदानचुली निर्माण गर्ने अभियानमा इच्छुक परियोजना, संघ संस्था, तथा दातृ निकायसँग सहकार्य तथा समन्वय गर्न आवश्यक समपुरक कोष बजेटको व्यवस्था गरेको छु ।

सिचाई

- गाउँपालिकालाई कृषिमा आत्म निर्भर बनाउन बाँकै रहेका ठूला फाँटहरुको संभाव्यता अध्ययन गर्दै आवश्यक योजना अघि बढाइने छ । यसका लागि यथेष्ठ बजेटको व्यवस्था गरिनेछ ।
- साना सिंचाई र लिफ्ट सिंचाई (कर्णालीको पानी तान्ने), थोपा सिचाईका कार्यक्रमलाई यथेष्ठ बजेटको व्यवस्था गरिनेछ ।
- दोगाडी मुलदेखि छालसम्मको वृहत सिँचाईका लागि आवश्यक बजेटको व्यवस्थाका लागि सरोकारवालाहरुसँग विशेष पहल गरिनेछ ।
- जोखिमयुक्त वडा एवं क्षेत्रहरुको संरक्षण र पहिरो नियन्त्रणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

भवन तथा सहरी विकास

- वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु र विद्यालयहरुका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ ।
- मदन भण्डारी स्मृति भवनको लागि आवश्यक विनियोजन गरेको छु ।
- संभाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालन गर्ने पहल गरिनेछ ।
- भवन निर्माण तथा सहरी विकास मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ ।

उर्जा लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)

- गाँउपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।
- **"हरेक घर उज्यालो घर"** कार्यक्रम सन्चालन गरि विद्युतको भरपर्दो व्यवस्था गर्न विगतमा यस क्षेत्रमा सन्चालनमा रहेका लघु जलविद्युत योजनाहरुलाइ प्रभावकारी रुपमा सन्चालनमा ल्याइ स्थानिय जनतालाइ विद्युत उपभोगको प्रवनध मिलाउनका लागि विभिन्न सरोकारवालाहरुसँगको

दल फडेरा
अध्यक्ष

- साझेदारीमा जोड दिइनेछ ।साथै ठुला तथा मझौला जलविद्युत आयोजनाहरु निर्माणका लागि पहल गरिनेछ ।
- कुकुरफाल्न जलविधुत आयोजना र मछाइनी जलविधुतलाई गुणस्तरिय बनाउन जोड दिइनेछ ।
- निर्माणाधिन छहराखेत गल्फागाड लघुजलविद्युत आयोजनालाई संचालनमा ल्याइनेछ ।
- नेपाल सरकार उर्जा मन्त्रालय नेपाल विधुत प्राधिकरणलाई यस गाउँपालिकामा सब स्टेशनका स्थापनाका लागि पहल गरि राष्ट्रिय प्रशारण लाइनमा जोड्नका लागी विशेष पहल गरिनेछ ।

**संचार**

- आजको युग विज्ञान प्रविधिको भएपनि यस क्षेत्रमा अझैपनि भरपर्दो सुचना र सन्चारको व्यवस्था हुन नसकेको हुँदा तत्काल Land Line टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराई कार्यारम्भ गरिनेछ ।विकाससँग सन्चार र सन्चारसँगै विकासको अवधारणा आत्मसाथ गरिनेछ ।
- सन्चार प्रविधिलाई आत्मसाथ गर्दै अघि बढ्न थ्री जी सेवा , सिडि एम ए वा एन सेल मोबाइल टावर निर्माणका लागि विशेष पहल गरिनेछ ।
- सबै नागरिकलाइ सुचना र सन्चारमा समाहित गर्न ग्रामिण रेडियो श्रीनगर एफ एमको स्तरन्नोती गर्दै प्रशारणमा पहुँच विस्तार गरिनुका साथै घेरबारमा सहयोग गरिनेछ ।
- कम्तिमा एक पत्रिका प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाँउ पालिकाको केन्द्रलाई प्रबिधि मैत्री बनाउन वाईफाई को गुणस्तर सुधार गरिनेछ ।यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**वातावरण तथा विपद व्यवस्थापन**

**वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायु परिवर्तन**

- बनको व्यवस्थीत र बैज्ञानिक उपयोग गर्ने नीति अबलम्बन गरिनेछ ।
- बनको संरक्षण,विकास र उपयोगको दिगो प्रणाली विकास गरिनेछ ।
- जडिवुटी एवम गैरकाष्ठ प्रजातीको उत्पादन प्रशोधन र बजारीकरणका लागि वजेटको व्यवस्था गरेको छु ।
- प्राकृतिक जडिवुटीको अत्यधिक दोहन रोकी दिगो संकलन र व्यवस्थापन गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

दल फडेरा
अध्यक्ष

- यस गाउँपालिकामा हरेको खाली जमिनलाई हरियाली बनाउन **"अदानचुली हरियो अभियान"**

  कार्यक्रम अन्तर्गत वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- कृषि जमीन बाँझो राख्न नपाइने व्यवस्था गरेको छु । बाँझो राखेमा सम्भावित औसत उत्पादनको २५ प्रतिशत जरिमाना लगाउने व्यवस्था गरिनेछ । यसको अभिलेख सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा राख्नु पर्ने व्यवस्था मिलाइने छ ।
- व्यवस्थित वनजङ्गल नभईरहेको अवस्थामा सामुदायिक, कवुलिती र नीजि वनलाई प्रभावकारी व्यवस्थापन गर्ने नीति अनुरुप ***एक गाउँ एक सामुदायिक वन र एक घर एक निजि वन*** को अभियानलाई प्रभावकारी बनाइने छ ।
- कालागार्ड देखि गल्फागार्ड मोहर (आर्यघाट) सम्म र तुम्च तलतणी देखि छ्चालसम्म पर्ने कर्णाली किनराका जोखिमयुक्त क्षेत्रमा हुने भू-क्षयको अति जोखिमलाई नियन्त्रण गर्न व्यवस्थित तटबन्धन निमार्ण कार्यलाई अघि बढाइने छ ।
- वन विनाशको दर तिव्रगतिमा बढिरहेको यस गाउँपालिकामा बन विनास रोक्न कडा निति तथा कार्यक्रमहरु ल्याइनेछ ।सबै सरोकारवालाहरुको सहकार्यमा खाली जग्गा, सार्वजनिक स्थल, सडकबाटो, नदि छेउछाउमा वृक्षारोपण कार्यलाई विशेष जोड दिइनेछ ।नेपाल सरकारको त्रिवर्षिय योजनाले नै देशको कुल क्षेत्रफलको ४५ प्रतिशत वन क्षेत्र पुर्याउने निति अख्तियार गरेको हुँदा यस गाउँपालिकामा पनि वन क्षेत्रको विस्तारका लागि आवश्यक सबै निति तथा कार्यक्रमहरु ल्याइनेछ ।
- जडीबुटी संकलन तथा प्रशोधन व्यवस्थापनमा जोड दिइनेछ ।
- दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्बन गरिनेछ ।
- जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- पानीका मुहान तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ ।कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ ।
- जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधिहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरि हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यसका लागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्यरत विभिन्न निकायहरुसँग सहकार्य गरि अगाडि बढिनेछ ।

**<u>फोहरमैला व्यवस्थापन SANITATY LAND FILL SITES</u>**

- फोहरमैला व्यवस्थापनका लागि फोहरमैला उत्पादनमा कमि गर्ने, पुन प्रयोग गर्ने तथा प्रशोधन (REDUCE, REUSE, RECYCLE) नीति अवलम्बन गरिनेछ ।

दल फडेरा
अध्यक्ष

➢ गाँउपालिकाभित्र उचित land fill sites तथा dumping sites को स्थान पहिचान तथा व्यवस्थापन गरिनेछ ।

**जल उत्पन्न प्रकोप नियन्त्रण र विपद व्यवस्थापन**

➢ गाँउपालिकामा एक प्रकोप व्यवस्थापन कोष निर्माण गरिनेछ साथै विपद व्यवस्थापन सम्बन्धि विभिन्न निकायहरुसँग उचित समन्वय गरिनेछ ।

**५.संस्थागत विकास तथा सेवा प्रवाह**

**मानव संसाधन तथा संस्थागत क्षमता विकास**

➢ गाँउपालिकाको समग्र विकास तथा कार्य सम्पादनका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।

➢ स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ ।

➢ गाउँपालिकाका पदाधिकारी एवं कर्मचारीको क्षमता विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

➢ यस गाउँपालिकाको प्रशासनको नियमनको लागि विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।

**संस्थागत पूर्वाधार नागरिक वडापत्र तथा टोकन प्रणाली**

➢ गाँउपालिकाभित्र अपाङ्ग, असहाय, वालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ ।साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ ।

➢ स्पष्ट र उपयोगी इलोक्ट्रोनिक/कम्प्युटराइज नागरिक वडापत्रको प्रयोगमा जोड दिइनेछ ।

➢ कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभाकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण,सुचनाको हकको प्रत्याभुति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

**सेवा प्रवाहका मापदण्ड निर्धारण**

➢ न्युनतम शर्त तथा कार्यसम्पादन मुल्याङ्कन(MCPM) निर्देशिकाको पालना गरिनेछ ।

दल फडेरा
अध्यक्ष

- विकासका कार्यक्रमहरुमा सार्वजनिक निजी साझेदारी PPP को नीति अबलम्बन गरिनेछ ।

<u>सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग</u>

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।
- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ ।

**६. वित्तिय व्यवस्थापन र सुशासन**

<u>राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण</u>

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ती तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ ।
- आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस बर्ष अदानचुली गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ ।यसको लागी आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम थालनी गर्ने र समयमै योजना तथा कार्यक्रमहरु सम्पन्न गरिनेछन् ।

<u>लेखाङ्कन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छयौट, सुचना तथा संचार व्यवस्थापन</u>

- गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुनअनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ।र नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्ययको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।
- बेरुजु र बेरुजु फर्छयौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ ।

मानननीयसभाध्यक्ष ज्यू,

अब म आ.व २०७८/०७९को प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

दल फडेरा
अध्यक्ष

## संघिय सरकारबाट प्राप्त अनुदान

| क.सं. | समानीकरण अनुदान | शसर्त चाँलु अनुदान | शसर्त पूजीगत अनुदान | विशेष अनुदान | समपूरक अनुदान | राजश्वबाट प्राप्त अनुदान | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७०४००००० | १०६७००००० | ५५००००० | १३३००००० | १४००००० | ४८३४५००० | २४५६४५००० |

प्रदेश सरकारबाट प्राप्त अनुदान

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ६८५४००० | ८३६३००० | ० | ४०००००० | ११०००००० | ० | ३०२१७००० |

| जम्मा संघ र प्रदेशबाट प्राप्त अनुदान | |
|---|---|
| | २७५८६२००० |

गाउँपालिकाबाट ब्रेक डाउन गरि विनियोजन गर्नु पर्ने योजना

| | समानीकरण अनुदान | शसर्त चाँलु अनुदान | शसर्त पूजीगत अनुदान | विशेष अनुदान | समपूरक अनुदान | राजश्वबाट प्राप्त अनुदान | कूल जम्मा बजेट |
|---|---|---|---|---|---|---|---|
| | ७०४००००० | ० | ० | ० | ० | ४८३४५००० | ११८७४५००० |
| | समानीकरण अनुदान | शसर्त चाँलु अनुदान | शसर्त पूजीगत अनुदान | विशेष अनुदान | समपूरक अनुदान | राजश्वबाट प्राप्त अनुदान | |
| | ६८५४००० | ० | ० | ० | ० | ० | ६८५४००० |
| **गाउँपालिकाबाट ब्रेक डाउन गरि विनियोजन गर्नु पर्ने जम्मा बजेट** | | | | | | | **१२५५९९०००** |
| कार्यालयको चाँलु खर्च | | | | | | | ७६८७२००० |
| कायालय प्रयोजनका लागी पूजीगत खर्च | | | | | | | १०५००००० |
| समपूरक योजनाको लागी समपूरक बजेट | | | | | | | १२४००००० |
| **जम्मा विनियोजन बजेट** | | | | | | | **९९७७२०००** |
| गाउँ कार्यपालिकाबाट वडा स्तर र गाउँपालिका स्तरका योजना बाँडफाँड गर्नु पर्ने बाँकी बजेट | | | | | | | २५८२७००० |

दल फडेरा
अध्यक्ष

अदानचुली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर,हुम्ला
कर्णाली प्रदेश नेपाल

सचित कोषबाट विनियोजन हुने अनुमानको खर्च शिर्षकगत र श्रोतगत विवरण
आ. व. २०७८/०७९

| खर्च शिर्षक नं. | शीर्षकको नाम | बजेटको श्रोत । तह | श्रोत | निकासा विधि | कुल बजेट (रु. हजारमा) | २०७८-०७९ | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गाउँपालिका तर्फ | | | | वडा तर्फ | | | | |
| | | | | | | जम्मा | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| कूल जम्मा | | | | | ७६८७२ | ७२६०० | २४७०० | २३८०० | २४१०० | ४२७२ | १४२४ | १४२४ | १४२४ | |
| चाँलु | | | | | | | | | | | | | | |
| २१११ | तलब | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ६५०० | ६५०० | २५०० | २००० | २००० | ० | ० | ० | ० | |
| २११२१ | पोशाक भत्ता | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ३०० | ३०० | ० | ० | ३०० | ० | ० | ० | ० | |
| २११२३ | औषधी उपचार खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ६०० | ६०० | २०० | २०० | २०० | ० | ० | ० | ० | |
| २११३१ | स्थानीय भत्ता | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | २४०० | २४०० | ८०० | ८०० | ८०० | ० | ० | ० | ० | |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ६०० | ६०० | २०० | २०० | २०० | ० | ० | ० | ० | |
| २११३४ | कर्मचारी बैठक भत्ता | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ९०० | ९०० | ३०० | ३०० | ३०० | ० | ० | ० | ० | |
| २११३५ | कर्मचारी प्रोत्साहन भता | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | २१०० | २१०० | ७०० | ७०० | ७०० | ० | ० | ० | ० | |
| २११३९ | अन्य भत्ता | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ९०० | ९०० | ३०० | ३०० | ३०० | ० | ० | ० | ० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ३००० | ३००० | १००० | १००० | १००० | ० | ० | ० | ० | |
| २११४२ | पदाधिकारीको अन्य सेवा सुविधा | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ५२०० | ५२०० | २००० | १६०० | १६०० | ० | ० | ० | ० | |
| २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ९०० | ९०० | ३०० | ३०० | ३०० | ० | ० | ० | ० | |
| २२११२ | संचार महशुल | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ९७२ | ९०० | ३०० | ३०० | ३०० | ७२ | २४ | २४ | २४ | |
| २२१२१ | घरभाडा | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | १५०० | १५०० | ५०० | ५०० | ५०० | ० | ० | ० | ० | |
| २२२१४ | बिमा तथा नविकरण खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ९०० | ९०० | ३०० | ३०० | ३०० | ० | ० | ० | ० | |
| २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | १५०० | १५०० | ५०० | ५०० | ५०० | ० | ० | ० | ० | |

तयार गर्ने　　　　सदर गर्ने　　　　स्वीकृत गर्ने

दल फडेरा
अध्यक्ष

| खर्च शिर्षक नं. | शीर्षकको नाम | बजेटको श्रोत । तह | श्रोत | निकासा विधि | कुल बजेट (रु. हजारमा) | २०७८-०७९ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गाउँपालिका तर्फ | | | | वडा तर्फ | | | | कैफियत |
| | | | | | | जम्मा | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| २२२९१ | अन्य सम्पतिहरुको संचालन तथा मर्मत | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | १५०० | १५०० | ५०० | ५०० | ५०० | ० | ० | ० | ० | |
| २२३११ | मसलन्ध तथा कार्यालय सामाग्री | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ७८०० | ६००० | २००० | २००० | २००० | १८०० | ६०० | ६०० | ६०० | |
| २२३१४ | इनधन परियोजन | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ३६०० | ३००० | १००० | १००० | १००० | ६०० | २०० | २०० | २०० | |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | २४०० | २४०० | ८०० | ८०० | ८०० | ० | ० | ० | ० | |
| २२४११ | सेवा र परामर्श खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ९०० | ९०० | ३०० | ३०० | ३०० | ० | ० | ० | ० | |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | १८०० | १८०० | ६०० | ६०० | ६०० | ० | ० | ० | ० | |
| २२४१३ | करार सेवा शुल्क | राजश्व बाँडफाँड | राजश्व तथा अनुदान | नगद | १०५०० | १०५०० | ३५०० | ३५०० | ३५०० | ० | ० | ० | ० | |
| २२५११ | कर्मचारी तालिम खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ६०० | ६०० | २०० | २०० | २०० | ० | ० | ० | ० | |
| २२५१२ | सिप विकास तथा जनचेतना तालिम | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ९०० | ९०० | ३०० | ३०० | ३०० | ० | ० | ० | ० | |
| २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ४५०० | ४५०० | १५०० | १५०० | १५०० | ० | ० | ० | ० | |
| २२६११ | अनुगमन तथा मूल्यांकन खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ४५०० | ४५०० | १५०० | १५०० | १५०० | ० | ० | ० | ० | |
| २२६१२ | भ्रमण खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | १५०० | १५०० | ५०० | ५०० | ५०० | ० | ० | ० | ० | |
| २२७११ | विविध खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ६३०० | ४५०० | १५०० | १५०० | १५०० | १८०० | ६०० | ६०० | ६०० | |
| २२७२१ | सभा संचालन खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ६०० | ६०० | २०० | २०० | २०० | ० | ० | ० | ० | |
| २७२११ | छात्रवृत्ति | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ६०० | ६०० | २०० | २०० | २०० | ० | ० | ० | ० | |
| २७२१२ | उद्दार,राहत तथा पुनर्स्थापना खर्च | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ६०० | ६०० | २०० | २०० | २०० | ० | ० | ० | ० | |
| जम्मा | | | | | ७६८७२ | ७२६०० | २४७०० | २३८०० | २४१०० | ४२७२ | १४२४ | १४२४ | १४२४ | |

तयार गर्ने

सदर गर्ने

स्वीकृत गर्ने

पुंजीगत बजेट - २०७८।०७९

अदानचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
[illegible], हुम्ला
कर्णाली प्रदेश नेपाल

[illegible]
[illegible]

| खर्च श्रोत | खर्च शिर्षक नं. | शीर्षकको नाम | बजेटको श्रोत । तह | श्रोत | निकासा विधि | कुल बजेट (रु. हजारमा) | २०७८-०७९ | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गाउँपालिका तर्फ | | | | वडा तर्फ | | | | |
| | | | | | | | जम्मा | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| पुंजीगत बजेट | ३१११५ | फर्निचर तथा फिक्चर्स | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | २४०० | १५०० | ५०० | ५०० | ५०० | ९०० | ३०० | ३०० | ३०० | |
| पुंजीगत बजेट | ३११२२ | मेशिनरी तथा औजार | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ३००० | २१०० | ७०० | ७०० | ७०० | ९०० | ३०० | ३०० | ३०० | |
| पुंजीगत बजेट | ३११५९ | सवारी साधन खरिद | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | ९०० | ९०० | ३०० | ३०० | ३०० | ० | ० | ० | ० | |
| पुंजीगत बजेट | ३११७२ | पूंजीगत अनुसन्धान तथा परामर्श | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | २१०० | २१०० | ७०० | ७०० | ७०० | ० | ० | ० | ० | |
| | | औषधी खरिद | नेपाल सरकार | वित्तिय समानीकरण | नगद | २१०० | २१०० | ७०० | ७०० | ७०० | ० | ० | ० | ० | |
| | | | | | जम्मा | १०५०० | ८७०० | २९०० | २९०० | २९०० | १८०० | ६०० | ६०० | ६०० | |

दल फडेरा
अध्यक्ष

तयार गर्ने

सदर गर्ने

स्वीकृत गर्ने

आगामी आ.व. २०७८/०७९ का लागी अदानचुली गाउँपालिकाको लागी रु २७५८६२०००( सत्ताइस करोड अन्ठाउन्न लाख बैसठ्ठी हजार मात्र) विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ रु कार्यलयको चालुखर्च ७६८७२०००(सात करोड अठासी लाख बहत्तर हजार मात्र) कार्यालय प्रयोजनको लागी पुजीगत खर्च रु १०५००००० । (एक करोड पचास लाख मात्र ) समपुरक योजनाका लागी १२४०००००(एक करोड चौबिस लाख मात्र ) जम्मा बजेट ९९७७२०००(नौ करोड सन्तानब्बे लाख बहत्तर हजार मात्र) र गाउँ कार्यपालिकाबाट पुजीगत तर्फको २ करोड ५८ लाख २७ हजार मात्र बजेट विनीयोजन गरेको छु।

१. आर्थिक विकास ६ लाख

२. सामाजिक विकास ५२ लाख

३. पुर्वाधार विकास ७२ लाख

४. वन, वातावरण तथा विपत व्यवस्थापन ३८ लाख

५. सु-शासन तथा संस्थागत विकास ९० लाख २७ हजार

६. नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रम युवारुप रु ४७ लाख र कामका लागी पारिश्रमिक ६८ लाख ६ हजार कार्यन्वयनमा ल्याई अदानुचुली गाउँपालिका लागु गर्न पेश गरेको छु।

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्ष ज्यूहरु,कार्यपालिका सदस्य ज्युहरु , व्यवस्थापिका सदस्यज्युहरु लगायत वडासमितीहरु राजश्व र बजेट सम्बन्धिका विभिन्न समितिहरु वुद्धिजीवि ज्युहरु,विभिन्न राजनैतिक दलका साथीहरु,नागरिक समाज, पत्रकार,प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु लगायत सम्पूर्ण अदानचुलीवासी सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस अदानचुली गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनु हुने अदानचुली गाउँपालिकाका नागरिक,करप्रदायकहरु,अदानचुली गाँउपालिकाको हित र समुन्नतिका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचार माध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

विविध समस्याहरुका माझमा हिड्दै गर्दा अपेक्षित लक्ष्य हासिल गर्न केही समय लाग्न सक्छ तर लक्ष्य पुरा नै नहुने भन्ने होइन । थप समन्वय, सहकार्यका साथ हाम्रा विकास प्रयासहरुलाई अझ मजबुत बनाइदै लगिने कुरामा तपाईहरुलाई विश्वाश दिलाउन चाहन्छु ।

दल फडेरा
अध्यक्ष

धन्यवाद ।